# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ८ ] काठमाडौं वैशाख ४ गते २०१५ साल [ अतिरिक्ताङ्क १


### कानून तथा संसदीय प्रवन्ध सचिवालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवनप्रजातन्त्र— श्रीपद ओमूरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रबीरविक्रम जङ्ग बहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

२०१४ सालको ऐन नं. २३

## मुलुकी ऐन रकम बन्दोवस्त बारेको महललाई संशोधन गर्ने ऐन, २०१४

मुलुकी ऐन रकमबन्दोवस्त बारेको महल (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यो ऐनको नाम "मुलुकी ऐन रकमबन्दोबस्त बारेका महल (संशोधन) ऐन, २०१४" रहेको छ ।

[२] यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको ३ नं. मा संशोधनः—मूल ऐनको ३ नं. को सट्टा देहायको ३ नं. राखिएको छ ।

३ नं. (१) बर्सी रकम दिंदा जुनसुकै जातलाई पनि दिन हुन्छ ।

(२) यसभन्दा अघि गाई खाने जातलाई र मुसलमानलाई दिएकोमा पनि यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मिति २०१४।१२।२६।६

आज्ञाले—
नयनबहादुर खत्री क्षत्री,
सेक्रेटरी-कानून तथा संसदीय प्रबन्ध सचिवालय.

# कानून तथा संसदीय प्रबन्ध सचिवालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वीराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद ओमूरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम् ।

२०१४ सालको ऐन नं. ९४

मधेश गोश्वारा ऐन, २०१२' पहाड तर्फ समेत लागू हुने व्यवस्था गर्न आवश्यक देखिन आएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यो ऐनको नाम–"मधेश गोश्वारा ऐन, २०१२ (पहाड तर्फ समेत) लागू गर्ने ऐन, २०१४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मधेश गोश्वारा ऐन, पहाड तर्फ समेत लागू हुने:- यो ऐन प्रारम्भ भएपछि मधेश गोश्वारा ऐन, २०१२ पहाड तर्फ समेत लागू हुनेछ र पहाडतर्फका गढी, गौंडा गोश्वाराले सो ऐनबमोजिम कामकाज गर्न गराउनेछन् ।

तर पहाडतर्फ लागू गर्दा :—

(क) अनुसूचि (क) को पहिलो कलममा लेखिएका मधेश गोश्वारा ऐन, २०१२ का शब्दहरूको सट्टा सोही अनुसूचिको दोस्रो कलममा लेखिएका शब्दहरू प्रयोग गरिनेछन् ।

(ख) अनुसूचि (ख) मा लेखिएका मधेश गोश्वारा ऐन, २०१२ का सबै वा कुनै दफा वा उपदफाहरूका हकमा सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी नतोकेसम्म पहाडतर्फ लागू हुनेछैनन् ।

३. बाधा अड्काउ फुकाउने अधिकार:- दफा २ बमोजिम मधेश गोश्वारा ऐन, २०१२ पहाडतर्फ लागू गर्न कुनै बाधा अड्काउ परेमा सरकारले ती बाधा अड्काउ फुकाउनको लागि नेपाल गजेटमा सूचना प्रकाशित गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्तो हरेक आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

## अनुसूचि (क)

| | |
|---|---|
| (१) जिम्दार | (१) तालुकदार वा जिम्मावाल |
| (२) कंरू | (२) मोहरू |
| (३) अमिनी तहसिल | (३) कार्को व्यवस्था नभएसम्म- ओहदाहरू वा अमिनी |

## अनुसूचि (ख)

(१) माल गुठीतर्फको दफा ८ को उपदफा (ञ) देखि (ड) सम्म

(२) अस्पतालतर्फको दफा ६ को उपदफा (ख)

(३) पाकशालातर्फको दफा ११ को उपदफा (छ)

(४) विकासतर्फको दफा १५ को उपदफा (च) देखि (थ) सम्म र (म) देखि (य) सम्म

९९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।